# Banking ऐन नियम   20 marks

## 1.नेपाल राष्ट्र बैंकका उद्देश्हरू के के हुन् ? केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले गर्ने मुख्य कार्यहरूको वर्णन गनुहोस् ? 10 marks

नेपाल राष्ट्र बैंकको स्थापना, राष्ट्र बैंक ऐन २०१२ अर्न्तगत २०१३ साल बैशाख १४ गते भएको थियो । तत्कालिन समयमा राष्ट्र बैंकको उद्देश्य नेपाल अधिराज्य भरी नेपाली मुद्राको प्रचलनमा ल्याउनु रहेको थियो । समय क्रम संगै राष्ट्र बैंकको उद्देश्य, भूमिका तथा कार्य समेत बिस्तार भएकोले उक्त ऐन खारेज भईनेपाल राष्ट्र बैंक ऐन २०५८ पहिलो संशोधन २०६३ र दोस्रो संशोधन २०७३ तजुमा भई कार्यान्वयनमा आएको छ ।

**जसअनुसार नेपाल राष्ट्र बैंकका उद्देश्यहरू यसप्रकार रहेका छन्:**

१.आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र सोधानान्तर स्थिरता कार्य गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशि विनिमय नीति निर्माण गरि सो को व्यवस्थापन गर्ने,

२.वित्तीय सेवाको पहुँच अभिवृद्धि गरि, बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरि बैंक तथा वित्तीय प्रणाली प्रति सबै सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्नु,

३.सुरक्षित स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने ।

## केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले गर्ने मुख्य कार्यहरू

केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले गर्ने कार्यहरूलाई परम्परागत कार्यहरू र बिकाशात्मक कार्यहरू गरि दुई भागमा विभाजन गरिएको पाइन्छ । जसमा परम्परागत कार्य अर्न्तगत नोट निष्कासन गर्ने, सरकारको बैंक एवम सल्लाहाकारको रूपमा काम गर्नु, बैंक तथा वित्तीय संस्थाहरूको नियम निरिक्षण, तथा सुपरिक्षण गर्नु, विदेशि मुद्रा तथा बहुमूल्य सुन, धातुको संचय गर्नु, समासोधन कार्य गर्ने जस्ता कार्यहरू पर्दछन् भने विकाशात्मक कार्यहरू अर्न्तर्गत बैंक तथा वित्तीय संस्थाहरूको संस्थापना गराउनु बैंक तथा वित्तीय संस्थाको विकास बिस्तार गर्नु, देशको बैंकिङ कर्जा निक्षेप आदि विषयमा अध्ययन सर्वेक्षण गर्नु, लघुवित्त, ग्रामीण वित्तजस्ता कर्जा कार्यक्रमहरूलाई विभिन्न कोषको माध्यमबाट प्रर्वद्धन गर्नु गरिबी निवारणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नु, अर्थतन्त्रको आवश्यकता अनुसार मौद्रिक नीतिको निर्माण र कार्यान्वयन गर्नु पर्दछन् ।

नीतिगत व्यवस्था अनुसार नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ४ परिक्षेद २ बमोजिमका उद्देश्यहरू हासिल गर्नको निमित उक्त ऐनको दफा ५ बमोजिम नेपाल राष्ट्र बैंकका **प्रमुख कार्यहरू निम्नानुसार छन्:**

१.बैंक नोट तथा सिक्का निश्काशन गर्न,

२.मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तजुमा गर्न र सो नीति कार्यान्यिन गराउने,

३.विदेशि विनिमय नीति निर्माण गर्न तथा सो नीति कार्यान्वयन गर्न गराउने,

४.विनिमय दर पद्धति निर्धारण गर्ने,

५.विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्न,

६.वाणिज्य बैंक तथा वित्तीय सस्थालाई बैंकिङ तथा वित्तीय कारोबार गर्न इजाजत पत्र जारि गर्ने, यस्तो कारोवारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण सुपरिवेक्षण तथा अनुगमन गर्ने,

७.नेपाल सरकाको बैंक सल्लाहाकार तथा वित्तीय ऐजेन्टको रूपमा कार्य गर्ने,

८.वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रूपमा कार्य गर्ने,

९.भुक्तानी फछौट तथा हिसाब मिलान पद्धतिको स्थापना तथा प्रवद्धन गरि सो कार्यलाई नियमित गर्ने,

१०.राष्ट्र बैंक ऐन बमोजिम बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंङकले गर्नुपर्ने अन्य कार्यहरू कार्यान्वयन गर्ने गराउने आदि ।

तसर्थ,

नेपाल राष्ट्र बैंक ऐन २०५८ का मूल उद्देश्यहरू राष्ट्र बैंकको स्थापना प्रक्रिया, सञ्चालन प्रक्रिया, बैंक तथा वित्तीय प्रणालीको नियमन, निरिक्षण तथा सुपरिवेक्षणको लागि परम्परागत कार्य र विकाशात्मक कार्यको माध्यामबाट नेपाल राष्ट्र बैंकले कार्य प्रवाह गरि आइरहेको छ ।

## २.नेपाल राष्ट्र बैंकको काम कर्तव्य र अधिकार उल्लेख गर्दै बैंकले गर्न नहुने कार्यहरू उल्लेख गर्नुहोस् । १० marks

**विषय प्रवेश**

नेपालको सर्वोच्च आर्थिक निकाय, नियमनकारी निकाय, अविछिन्न उत्तराधिकारीवाला स्वशासित संगठित संस्था मौद्रिक प्रणालीलाई सञ्चालन तथा व्यवस्थापन गर्ने वाह्य क्षेत्र स्थायित्वको लागि आवश्यक पहल कदमी चाल्ने आदि सम्बन्धि गतिविधि गर्ने नेपलको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंक हो ।

नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ४ मा उल्लेख गरिए बमोजिमका उद्देश्य प्रप्त गर्न सोही ऐनको दफा ५ बमोजिमका काम कर्तव्य र अधिकारहरूलाई **निम्तअनुसार बुंदागत रूपमा प्रस्तुत गर्न सकिन्छ**

–बैंक नोट तथा सिक्का निष्काशन गर्ने,
–मूल्य स्थिरता कायम गर्न सौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

–विदेशी विनिमय नीतिको तर्जुमा र कार्यान्वयन गर्ने गराउने,
–विदेशी विनिमयदर पद्धति निर्धारण गर्ने,

–बैंक तथा वित्तीय संस्थाहरूलाई आवश्यकता बमोजिम इजाजतपत्र प्रदान गर्ने नियमन नीरीक्षण तथा सुपरिवेक्षण गर्ने र सो कार्यलाई नियमित गर्ने,

–नेपाल सरकारको बैंक र सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा कार्य गर्ने,

–वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको अन्तिम ऋणदाताको रूपमा कार्यगर्ने,

–भुक्तानी फछर्योट (Clearning) र हिसाव मिलाउनु पद्धति (Settlement) को स्थापना र प्रवर्द्धन गर्ने,

–सरकारी ऋणपत्रको खरिद विक्रि गरी तरलता व्यवस्थापन गर्ने,
–उद्देश्य पुरा गर्नको लागि अन्य कार्य गर्ने,

## 3. नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ७ मा उल्लेख गरेबमोजिम बैंकले गर्न नहुने कार्यहरूलाई निम्नअनुसार बुंदागत रूपमा प्रस्तुत गर्न सकिन्छ ।

–आफ्ना कर्मचारी कुनै किसिमको बाहेक कर्जा प्रवाह गर्न नहुने,

–कानूनले तोके बमोजिमको बाहेक निक्षेप लिन नहुने,

–कुनै किसिमको आर्थिक उपहार प्रदान गर्ने, आफ्नो उद्देश्य पुरागर्न बाहेक कुनै पनि किसिमको सम्पत्ति खरिद गरेर भाडामा लिएर कुनै पनि प्रकारको चल अचल सम्पत्तिमाथि अधिकार प्राप्त गर्न नहुने,

–कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थाहरूको वा सार्वजनिक संस्थानहरूको शेयर खरिदविक्रि गर्ने वा अन्य कुनै किसिमहरूले व्यापारिक वित्तीय कृषि औद्योगिक वा अन्य संस्था माथि स्वामित्व सम्बन्धी अधिकार प्राप्त गर्ने,

–कुनै किसिमको व्यापार गर्ने,

**निष्कर्ष:**

अर्थतन्त्रको मौद्रिक प्रणालीलाई गतिशिल बनाउदै मुल्य स्थायित्व, वित्तीय क्षेत्रका स्थायीत्व बाह्य क्षेत्र स्थायीत्व भूक्तानी प्रणालीको स्थायीत्व, व्याजदर स्थायील आदि मार्फत अर्थतन्त्रको स्थायीत्व कायम राख्ने केन्द्रीय बैंकको मुलभूत कार्य हो ।

**4. नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको गठन प्रक्रिया उल्लेख गर्दै संञ्चालक समितिको काम कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् । १० marks**

**विषय प्रवेश:**

नेपाल राष्ट्र बैंकको सु-सञ्चालनको निमित्त नीतिगत निर्णयगर्ने सर्वोच्च निकायलाई सञ्चालक समिति भनिन्छ । तसर्थ नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको गठन प्रक्रियालाई निम्नअनुसार बुँदागतरूपमा उल्लेख गर्न सकिन्छ ।

--नेपाल सरकार मन्त्री समितिको गठन गरिदिने,
--परिषदले सञ्चालक सञ्चालक समितिमा, सात जना रहने र ४ जना पदेन सदस्य रहने,

–सञ्चालकको कार्यकाल ५ बर्ष रहने, एक कार्यकाल ४ जनाको दोहोरीन सक्ने र अन्यको जतीसुकै पटक पनी दोहोरीन सक्ने,

–सञ्चालक समितिका सम्पूर्ण सदस्यहरूले सर्वोच्च अदालको प्रधान न्यायधिश वा तोकिएको  न्याधिशबाट सफत लिनु पर्ने

(क) गभर्नर अध्यक्ष

(ख) डेपुटी गभर्नर सदस्य (२ जना)

(ग) अर्थसचिव सदस्य

(घ) लब्धप्रतिष्ठित व्यक्ति सदस्य ( ३ जना )

**यसरी दफा १४ बमोजिम गठित सञ्चालक समितिको काम कर्तव्य र अधिकारहरूलाई निम्न अनुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ ।**

–मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

–बैंक नोट तथा सिक्का निष्काशन सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

–बैंकका कर्मचारीको व्यवस्थापन र सोको वर्खास्ती देखि उपदान तथा कोषहरूको व्यवस्था गर्ने,

–वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको नियमन तथा सुपरिवेक्षण सम्बन्धमा निर्णय गर्ने,

–वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको इजाजत प्रदान गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने,

–बैंकको नियम तथा विनिमय स्वीकृत गर्ने बैंकलाई लागु हुने नीति निर्णय गर्ने,

–बैंकको लगानी नीति र वित्तीय स्रोत परिचालन नीति निर्धाण गर्ने,

–बैंकको वार्षिक कार्यक्रम बजेट र वार्षिक लेखापरिक्षण सहितको प्रतिवेदन स्वीकृति गर्ने र जानकारीको लागि नेपाल सरकार समक्ष पेश गर्ने,

–बैंकको काम कारवाही बारेको वार्षिक प्रतिवेदन स्त्रीकृती गर्ने,

–वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई प्रदान गर्ने कर्जा तथा पुर्न कर्जाको सम्बन्धमा निर्णय गर्ने,

–बैंकले नेपाल सरकारलाई प्रदान गर्ने कर्जाको सीमा तथा शर्त निर्धारण गर्ने ।

## 5.नेपाल राष्ट्र बैंकको गभर्नरको नियुक्ति प्रक्रिया उल्लेख गर्दै गभर्नरको काम, कर्तव्य र अधिकार बारे प्रकाश पार्नुहोस् । 10 marks

गभर्नरको पद रिक्त हुने अवस्थामा मन्त्रिपरिषदले अर्थमन्त्री संयोजक पुर्वगभर्नर मध्येबाट सदस्य र विज्ञसदस्य गरी ३ जनाको सिफारिस समिति निर्माणगर्दछ सो समितिले नेपालभरबाट गभर्नर पदको लागि योग्य ३ जनाको नाम सिफारिस गर्दछ । ३ जनामध्ये १ जनालाई ५ वर्षको लागि गर्भनर नियुक्ति गर्दछ। जुन नेपालराष्ट्र बैंक ऐन २०५८ को दफा १५ मा उल्लेख गरेको छ। गभर्नरको काम कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ३० मा उल्लेख गरेबसोजिस

### गभर्नरको काम, कर्तव्य अधिकार निम्न अनुसार रहेका छन्

–समितिले गरेको निर्णय कार्यान्वयन गर्ने,
–बैंकको सञ्चालन तथा व्यवस्थापन गर्ने,
– बैंकले गर्नुपर्ने कार्यहरू व्यवस्थीत गर्ने,
–अन्तराष्ट्रिय संघसंस्थामा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने,

–मौद्रिक तथा विदेशि विनिमय सम्बन्धी निति कार्यान्वियन गर्ने गराउने,
–वाणिज्य बैंक वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको व्याजदर निर्धारण गर्ने,
–सम्वन्धमा आवश्यक निति वाणिज्य बैंक वित्तीय संस्थाले कायम गर्नुपर्ने तरलता सम्बन्धी निति निर्माण गर्ने,

–बाणिज्य बैंक वित्तीय संस्थाको पुजिकोष पर्याप्तता सम्बन्धी शर्त निर्धारण गर्ने,

–सुन तथा बहुमूल्य धातु खरिदविक्रि गर्दा अपनाउनेपर्ने सम्बन्धमा निर्णय गर्ने,
–बैंकले प्रदान गर्ने सेवामा सेवाशुल्क निर्धारण गर्ने,

–आवश्यकता अनुसार बैंकको शाखा कर्यालय तथा अन्यकार्यालय स्थापना र बन्द गर्ने निर्णय गर्ने,

वाणिज्य बैंक वित्तीयसंस्थालाई प्रदान गरिएको इजाजतपत्र रद्ध गर्ने सम्बन्धमा निर्णय गर्ने आदि ।

**6.नेपाल राष्ट्र बैंक ऐन २०५८ बमोजिम नेपाल राष्ट्र बैंकको मौद्रिक कार्य तथा खुलावजार सञ्चालनको सम्बन्धमा उल्लेख गर्नुहोस् । १० marks**

अर्थतन्त्रको मूल्य स्तरलाई वाञ्छित सिमाभित्र राखि समग्र स्थायित्व कायम गर्ने र मौद्रिक प्रणालीलाई गतिशित वैज्ञानिक रणनीतिक र प्रभावकरी बनाउने उद्देश्य तथा सो उद्देश्य प्राप्त गर्ने कार्य नेपाल राष्ट्र बैंक रहेको छ ।

सोही उद्देश्य तथा कार्यहरूलाई निर्दिष्ट गर्नको निमित्त नेपाल राष्ट्र बैंक ऐन २०५८ को परिच्छेद ५ वमोजिम मौद्रिक कार्य तथा खुलावजार कारोवार सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरेको छ जसलाई बुंदागत रूपमा प्रस्तुत गर्न सकिन्छ ।

–नेपाल राष्ट्र बैंकले वार्षिक रूपमा मौद्रिक नीति तर्जुमा र कार्यान्वयन गर्नुपर्ने,

–नेपाल राष्ट्र बैंकले नेपाल सरकारको तर्फबाट ऋणपत्र तत्काल वा पछि खरिद विक्री गरी खुला बजार सञ्चालन गर्न सक्ने,

–वाणिज्य बैंक तथा वित्तीय संस्थाको अनिवार्य नगद मौज्दात दैनिक औषत मौज्दातको आधारमा निर्धारण गर्न सक्ने त्यस्तो मौज्दात कायम गर्न नसक्ने बैंक तथा वित्तीय संस्थाहरूलाई तिनगुणा सम्म त्यसको (पटक-पटक) सम्म जरिवान गर्न सक्ने,

–नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई एक वर्षसम्मको लागि विभिन्न धातु ऋणपत्र तथा सुरक्षणका आधारमा कर्जा तथा पुनकर्जा उपलब्ध गराउने,

–प्रतितपत्र विनिमयपत्र तथा ऋणपत्र आदिको कारोवार डिस्काउन्ट दरमा सञ्चालन गर्न सक्ने ।

**निष्कर्ष:**

अर्थतन्त्रमा मूल्य स्थायित्व र तरलता व्यवस्थापन गर्दै गतिशिल अर्थतन्त्रको निर्माण गर्न नेपाल राष्ट्र बैंकले कोशेढुङ्गा तथा राम वाणको काम गर्ने गर्दछ ।

## 7. नेपाल राष्ट्र बैंकलाई किन केन्द्रीय बैंक भनिएको हो ? लेख्नुहोस् । 10 marks

नेपाल राष्ट्र बैंक ऐन २०१२ बमोजिम केन्द्रीय बैंकको रूपमा वि.सं. २०१३ वैसाख १४ गते स्थापित नेपाल राष्ट्र बैंकले देहाय वमोजिमका केन्द्रीय बैंकले गर्ने कार्यहरू गर्ने भएकोले यसलाई मौद्रिक अधिकारी बैंकहरूको बैंक तथा Central Bank भनिएको हो ।

–बैंक नोट तथा सिक्का निष्काशन गर्ने,
–सरकारी बैंकको रूपमा कार्य गर्ने,
–बैंकहरूको बैंको रूपमा कार्य गर्ने,
–बैंकिङ् प्रणालीको विकास र विस्तार सम्बन्धी कार्य गर्ने,
–साख नियन्त्रणको कार्य गर्ने,
–विदेशी मुद्राको संरक्षण सम्बन्धी कार्य गर्ने,
–अन्तिम सहयोगिको रूपमा कार्य गर्ने,
–आर्थिक अनुसन्धान तथा सर्वेक्षण गर्ने,
–उद्योग विकास सम्बन्धी कार्य गर्ने,
–सरकारको आर्थिक सल्लाह सम्बन्धी कार्य गर्ने, तरलता व्यवस्थापन सम्बन्धि कार्य गर्ने, आदि ।

**निष्कर्ष:**

यसरी केन्द्रीय बैंकले गर्ने आर्थिक स्थायित्व, मूल्य स्थायित्व, वित्तीय स्थायित्व, भुक्तानी प्रणालीको स्थायित्व र वाह्य क्षेत्र स्थायित्व सम्बन्धी कार्य नेपाल राष्ट्र बैंकले गर्ने भएकोले नेपाल राष्ट्र बैंकलाई केन्द्रीय बैंक भिनिएको हो ।

**7. नेपाल राष्ट्र बैंकका मुख्य मुख्य कार्यहरू उल्लेख गर्द राष्ट्र बैंकलाई किन बैंक तथा वित्तीय संस्थाहरूको बैंक भनिएको हो ? उल्लेख गर्नुहोस् । ५+ ५ = १० marks**

नेपाल राष्ट्र बैंक नेपालको समग्र बैंक तथा वित्तीय संस्थाहरूको बैंक तथा नेपाल सरकारको बैंक हो । नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ४ वमोजिमका उद्देश्य प्राप्त गर्नको लागि दफा ५ वमोजिम नेपाल राष्ट्र बैंकका कार्यहरूलाई **निम्नअनुसार बुँदागतरूपमा उल्लेख गर्न सकिन्छ ।**

–बैंक नोट तथा सिक्का निष्काशन गर्ने,
–मूल्य स्थिरता कायम गर्न मौद्रिक नीतिको तर्जुमा तथा कार्यान्वयन गर्ने,
–विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन गर्ने,
–विदेशी विनिमय दर पद्दति निर्धारण गर्ने,
–विदेशी विनिमय सञ्चिति व्यवस्थाप गर्ने,
–वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको स्थापना सञ्चालन नियमन निरीक्षण तथा सुपरिवेक्षण गर्ने र सो प्रणालीलाई नियमित गर्ने,
–वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको अन्तिम ऋणदाताको रूपमा कार्य गर्ने,
–भुक्तानी फस्र्यौट, हिसाव मिलान पद्धतिको स्थापना तथा प्रवर्द्धन गर्ने,
–सरकारी ऋणपत्रहरूको खरिद विक्रि मार्फत खुलावजार कारोवार गरी तरलता व्यवस्थापन गर्ने,

**बैंकहरूको बैंकको रूपमा नेपाल राष्ट्र बैंक:**

सर्वसाधारण र बैंक तथा वित्तीय जुन सम्बन्ध सर्वसाधारण संस्थाहरूको हुन्छ त्यहि सम्बन्ध बैंक तथा वित्तीय संस्थाहरू र नेपाल राष्ट्र बैंक सम्बन्ध रहन्छ । तसर्थ निम्नअनुसारका कामहरू नेपाल राष्ट्र बैंकले गर्ने हुनाले बैंकहरूको बैंक भनिएको हो ।

–वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप स्विकार गर्ने,
–खाता खोली सञ्चालन गर्ने,
–स्थापनाको लागि पूर्व स्विकृति प्रदान गर्ने,
–वित्तीय कारोवार गर्नको लागि इजाजतपत्र प्रदान गर्ने,
–कर्जा प्रवाहको लागि प्राथमिकताका क्षेत्र निर्धारण गरिदिने,
–मर्जर तथा प्राप्ति सम्बन्धि व्यवस्थाको लागि निर्देशन दिने,
–अन्तिम ऋण दाताको रूपमा भूमिका निर्वाह गर्ने,
–समाशोधन गृहको कार्यगर्दै हिसाव कितावं राफसाफ गरिदिने,
–नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने, कारोवारको सिमा निर्धारण गर्ने,
–कर्जा तथा पुनकर्जा सुविधा प्रदान गर्ने,
–कारोवार सञ्चालन व्यवस्थापन तथा प्रभावकारी वनाउन निर्देशन जारी गर्ने,
–निर्देशनहरूको कार्यान्वयन नगर्ने तथा उलंघन गर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई नियमन कारवाही गर्ने आदि ।

**निष्कर्ष**

मूल्य स्थायित्व, वायक्षेत्र स्थायित्व, भुक्तानी प्रणालीको विकास, व्याजदर स्थायित्व आदि मार्फत अर्थतन्त्रको समष्टिगत स्थायित्व कायम गर्ने लगायतका मुख्य कार्यहरू नेपाल राष्ट्र बैंकका हुन । बैकिङ क्षेत्रलाई गतिशिल वैज्ञानिक, सवलिकरण र प्रभावकारी वनाउन नेपाल राष्ट्र बैंकले विविध कार्यहरू गरी बैंक तथा वित्तीय संस्थाहरूको बैंकको रूपमा आफ्नो भूमिका निर्वाह गर्ने गर्दछ ।

## 8. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ का प्रमुख उद्देश्यहरू माथि चर्चा गर्नुहोस् । 10 marks

बैंकिङ क्षेत्रलाई दिगो, भरपर्दो प्रभावकारी, स्वच्छ, प्रतिस्पर्धि वैज्ञानिक, आन्तरिक नियन्त्रण प्रणालीको अक्षरंस कार्यान्वयन सुशासित र मर्यादित वित्तीय प्रणाली वित्तीय स्रोत र साधनको दिगो र प्रभावकारी उत्पादनशिल परिचालन आर्थिक उदारिकरण द्वारा राष्ट्रिय अर्थतन्त्रको उत्थान रसम्बन्ध पक्ष (निक्षेप कर्ता कर्जाग्राहक लगानी कर्जा अन्य) को हित तथा सन्तुलन कायम गर्दै बैंक तथा वित्तीय संस्थाहरूको स्थापना तथा सञ्चालन र व्यवस्थापन गर्ने हेतुले यो ऐन ल्याइएको हो ।

प्रचलित ऐनको प्रस्तावना र सम्बन्धित ऐनमा भएको विद्यमान व्यवस्थाका आधारमा यो ऐनका उद्देश्यहरूलाई निम्नअनुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ ।

–निक्षेपकर्ता र लगानीकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्नु,

–नेपालको समग्र बैंक तथा वित्तीय संस्था प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्नु,

–बैंक तथा वित्तीय संस्थाहरूलाई स्वच्छ प्रतिस्पर्धी गराई गुणस्तरीय र भरपर्दो बैंकिङ तथा वित्तीय सेवा उपलब्ध गराउनु,

–आर्थिक उदारिकणद्धारा राष्ट्रिय अर्थतन्त्रलाई सवल सहज र गतिशिल बनाउनु,

–बैंक तथा वित्तीय संस्थाहरूको स्थापना सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्नु सोलाई वैज्ञानिक र प्रभावकारी वनाउनु,

–बैंक तथा वित्तीय संस्थाहरूको नियमन, निरिक्षण, सुपरिवेक्षण कार्यलाई वैज्ञानिक गतिशिल र वनाउनु,

–वैंकिङ क्षेत्रको स्थायित्व कायम गर्नका लागि आवश्यक व्यवस्था गर्नु,

–बैकिङ क्षेत्रको आन्तरिक नियन्त्रण प्रणालीलाई सवल सक्षम र प्रभावकी वनाउँदै सुशासित वित्तीय प्रणालीको विकास गर्न आवश्यक आधार प्रदान गर्नु,

–अर्थतन्त्रको आवश्यकता र औचित्यता वमोजिम बैंक तथा वित्तीय संस्थाहरूको संस्थापनाको लागि पूर्व स्विकृती तथा सो सम्बन्धमा अन्य व्यवस्था गर्ने,

–बैंक तथा वित्तीय संस्थाहरूको सर्वोच्च निकाय सञ्चालक समिति तथा उच्च व्यवस्थापन (CEO) नियुक्ति काम, कर्तव्य र अधिकार जिम्मेवारी उत्तरदायित्व सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

–वित्तीय कारोवारको इजाजतपत्र तथा बैंक तथा वित्तीय संस्था तल्लो वर्गबाट माथिल्लो वर्गमा स्तरन्नोति सम्बन्धि वाटो खुकुलो वनाइदिनु, गर्ने काम तथा गर्न नहुने कार्यहरूको निर्धारण गरिदिनु,

– वित्तीय साधनको दुरुपयोग हुन नदिई कसको प्रभावकारी परिचालन गर्न कर्जा प्रवाह अनुगमन र असुली कार्यलाई कानुन त वनाउनु,

–वित्तीय सवलिकरणको लागि मर्जर तथा प्राप्ति सम्बन्धि कानुनी व्यवस्था गरिदिनु,

–वित्तीय अनुशासन तथा संस्थागत सुशासनका सम्बन्धमा विभिन्न व्यवस्थागरी समग्र वित्तीय प्रणालीलाई सुशासित मर्यादिन बनाउन आधार प्रदान गर्नु,

–पूर्वाधार विकास बैंक सम्बन्धमा थप अन्य व्यवस्था गर्नु, वित्तीय स्थायित्व कायम गर्न र सर्वसाधारणलाई बैंक तथा वित्तीय संस्थाप्रतिको विश्वसनियता अभिवृद्धि गर्न खारेजी सम्बन्धि व्यवस्था गरिदिनु,

–नियमन सम्बन्धि कारवाही गरी बैंक तथा वित्तीय संस्थाहरूलाई अनियमित तथा नीतिको कार्यान्वयन उलंघन हुनबाट जोगाई दीगो र रणनीतिक बनाउन आधार प्रदान गर्नु,

–समग्रमा बैकिङ क्षेत्रलाई prudential बनाउँदै वित्तीय क्षेत्रको दीगो विकास प्रतिस्पर्धि क्षमताको अभिवृद्धिमा जोड दिनु ।

**निष्कर्ष:**

बैकिङ क्षेत्रको नियमन सम्बन्धि छाता र साक्षा कानुनको रूपमा रहेको बैंक तथा वित्तीय संस्थालाई थप विकास र विस्तार सुदृणिकरणको लागि ल्याइएको हो । कानुनका प्रावधानहरूमा भएका व्यवस्था तथा सम्बन्धित ऐनको उद्देश्य तथा लक्ष्य प्राप्तिमा त्यस ऐनको प्रभावकारी दीगो वैज्ञानिक र कुनैपनि अक्षरंस, मूल्यसहनशिलताका साथ कार्यान्वयन हुन आवश्यक रहन्छ । त्यसैले बैंक तथा वित्तीय  संस्थासम्बन्धि ऐनलाई प्रभावकी कार्यान्वयन तर्फ जानु अवाश्यक रहन्छ ।

## 9.बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ का प्रमुख विशेषताहरु बारे चर्चा गर्दै यस ऐनमा व्यवस्था भए बमोजिम पूर्वाधार विकास बैंकको स्थापनाको औचित्य बारे प्रष्ट पार्नुहोस् । 10 marks

बैंकिङ क्षेत्रको स्थापना विवेकशील नियमन प्रभावकारी सुपरिवेक्षण र वैज्ञानिक व्यवस्थापनको नीतिगत आधार तथा रामवाण बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ हो । सोही ऐनमा भएका व्यवस्था बमोजिम

**यसका प्रमुख विशेषताहरुलाई देहाय बमोजिम बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ ।**

–बैंकिङ क्षेत्रको नियमन सम्बन्धी कानूनी व्यवस्था गरेको कानून,
–एकिकृत तथा घाटा कानून,
–वित्तीय क्षेत्रमा आर्थिक उदारीकरणलाई जोड दिइएको,
–बैंक तथा वित्तीय संस्थाहरु अनिवार्य Public Company को रुपमा दर्ता हुनुपर्ने व्यवस्था गरेको,
–बैंक तथा वित्तीय संस्थाहरुको सञ्चालक समितिको
–गठन प्रक्रिया, योग्यता अयोग्यता काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको,
–बैंक तथा वित्तीय संस्थाहरुको पुँजीलाई ५१, ३० र ५ प्रतिशतको संरचनामा विभाजन गर्नुपर्ने व्यवस्था गरेको,

–बैंकिङ क्षेत्रको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम न्यूनीकरण, वित्तीय स्थायित्व आदिमा जोड दिइएको, सम्पत्ति शुद्धीकरण निवारण ऐनसँग आवद्ध गरेको,

–बैंकिङ क्षेत्रमा पारदर्शिता अभिवृद्धि गर्न प्रतिवेदन प्रणालीमा जोड दिएको,

–बैंक तथा वित्तीय संस्थाहरुको वर्गको आधारमा वित्तीय कारोबारको इजाजत पत्र दिने व्यवस्था गरेको, निक्षेपकर्ताको हक दिनको संरक्षण र संवर्द्धनमा जोड दिएको आदि।

पूर्वाधार क्षेत्रमा वित्तीय साधन परिचालन गर्ने हेतुले स्थापित बैंकलाई पूर्वाधार विकास बैंक भनिन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम पूर्वाधार विकास बैंकको स्थापनाको औचित्यतालाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ ।

–पूर्वाधार क्षेत्रमा लगानी गर्न तथा वित्तीय स्रोत जुटाउन, पूर्वाधार क्षेत्रमा क्रियाकलाप गर्ने कम्पनीहरुको धितोपत्रमा लगानी गर्न,

–पूर्वाधार क्षेत्रको विकासको लागि आवश्यक पर्ने मेसिन औजार उपकरणको खरिद आयात र सोको जडान सम्बन्धमा प्रतितपत्र जमानत पत्र जारी गर्न,

–दीर्घकालीन प्रकृतिको निक्षेप स्वीकार तथा वित्तीय उपकरणहरुको जारी गरी वित्तीय स्रोत र साधन जुटाउन,

–नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई लिजिङ सम्बन्धी कारोबार गर्न,

–नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई धितोपत्र तथा डिवेन्चर जारी गरी वित्तीय स्रोत र साधनको संकलन गर्न,

–विदेशी संघ संस्थाहरुको जमानत स्वीकार गरी सोलाई पूर्वाधार क्षेत्रमा परिचालन र सोको व्यवस्थापन गर्न आदि ।

**निष्कर्ष:**

बैंकिङ क्षेत्रलाई गतिशील पारदर्शी विधिको शासनमा आधारित, जोखिमको न्यूनीकरण, दीगो र प्रतिस्पर्धी लाभ हासिल गराउन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनलाई महत्वपूर्ण सेतुको रुपमा लिने गरिन्छ । साथै पूर्वाधार विकास बैंक र अन्य विभिन्न व्यवस्थाहरु गर्दै मुलुकको सर्वाङ्गीण विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको छ ।

## 10. बैंक तथा वित्तीयसंस्थाको सञ्चालक समितिको गठनविधि एवं सञ्चालक समितिको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् । 10 marks

बैंक तथा वित्तीय संस्था सम्बन्धी एन २०७३ अनुसार सञ्चालक समितिको गठन विधि देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

–बैंक तथा वित्तीय संस्थामा कम्तिमा ५ र बढिमा ७ जना भएको सञ्चालक समिति रहन्छ,

–सञ्चालकको नियुक्ति साधारण सभाबाट हुन्छ,

–प्रथम साधारण सभा नहुञ्जेल सम्म सञ्चालकको नियुक्ति संस्थापकबाट गरिन्छ,

–विचमा सञ्चालकको पदखाली भएमा अर्को साधारणसभा नहुञ्जेलसम्म सञ्चालक समितिले नयाँ सञ्चालक नियुक्ति गर्छ,

–संस्थापक अन्य सञ्चालक र ०.१ प्रतिशत भन्दा बढी शेयर लिएको व्यक्तिको परिवारको सदस्य स्वतन्त्र सञ्चालक हुन सक्दैन,

–एक परिवारबाट एकजना व्यक्तिमात्र सञ्चालक हुन सक्ने, सञ्चालकहरूले आफुमध्येबाट अध्यक्षको छनौट

–गर्ने, सञ्चालकको अवधि ४ वर्ष हुने । पुन: नियुक्त हुनसक्ने तर स्वतन्त्र सञ्चालक १ कार्यकालको लागि मात्र नियुक्ति हुनु,

–सञ्चालक समितिको बैठक वर्षमा कम्तिमा १२ पटक वस्ने दुइ बैठक बिचको भिन्नता ६० दिन वा २ महिना भन्दा बढी हुनु नहुने,

**सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

–यस ऐन प्रचलित कानुन प्रवन्धपत्र नियमावलिको अधिनमा रहि कार्य गर्नुपर्ने,

–यस ऐन प्रचलित कानुन र राष्ट्र बैंकको निर्देशनको अधिनमा रहि आवश्यक विनियम कार्यविधि बनाई गर्नु गर्नेपर्ने, नियम,

–आवश्यक नितिको व्यवस्थागरी कामकारवाहिको अनुगमन गरी विवेकशिल तवरले सञ्चालन गर्ने,

–जोखीम व्यवस्थापन, कर्मचारी व्यवस्थापन, हकहित संरक्षण, संस्था सञ्चालन, वजेट खर्च, कामकारवाहीमा हस्तक्षेप नगर्ने,

–कारोवार जोखिम र जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिई आफ्नो निति, रणनिति अनुरूप मापदण्ड तर्जुमा गर्ने,

–स्पष्ट संगठनात्मक संरचना तयार गर्ने, निति तर्जुमा गर्ने कार्यान्यिन गर्ने,

–राष्ट्र बैंकले तोकेको अन्य कार्य गर्ने, आदि ।

## 10.बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार सञ्चालक समितिको काम, कर्तव्य र अधिकारको व्यवस्थावारे स्पष्ट पार्नुहोस् ? 10 marks

बैंक तथा वित्तीय संस्था भित्रको सर्वोच्च अंग सञ्चालक समिति हो । बैंक तथा वित्तीय संस्थामा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४ बमोजिम सञ्चालक समितिको गठन हुन्छ । ऐनको दफा २२ मा सञ्चालनक समितिको काम, कर्तव्य तथा अधिकारको वारेमा उल्लेख गरिएको छ । जसअनुसार सञ्चालक समितिको काम कर्तव्य र अधिकारलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

1–बैंक तथा वित्तीय संस्थाको साधारण सभावाट हुने काम वाहेक प्रचालित कानुन, ऐन नियम, प्रवन्धपत्र, नियमावली आदिको अधिकारमा रही सम्पूर्ण कार्य गर्ने,

2–बैंक तथा वित्तीय संस्थाको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता ग्राहकवर्ग तथा सर्वसाधारणShare धनिको हित हुनेगरी बैंक तथा वित्तीय संस्था सञ्चालन गर्ने,

3–वित्तीय संस्थाले गर्नुपर्ने काम बैंक तथा सुव्यवस्थित रूपले सञ्चालन गर्ने प्रचालित कानून, राष्ट्र बैंकको निर्देशिकाको अधिनमा रहि आवश्यक विनिमय, निर्देशिका कार्यविधि बनाई लागु गर्ने,

4–संस्थामा जोखिम वा जोखिम अन्य अवस्था उत्पन्न हुन नदिन आन्तरिक नियन्त्रण प्रणाली एंव जोखिम व्यवस्थापन मापदण्ड तयार गरी लागुगर्ने,

5–बैंक तथा वित्तीय संस्थाले गनुपर्ने कामको लागि नीतिगत व्यवस्था गर्ने,

6–संस्थाका सम्पूर्ण कार्यहरूको नियमित अनुगमन गरी बैंक वा वित्तीय संस्था व्यवस्थित र विवेकशील तवरबाट सञ्चालन गर्ने गराउने,

7–बैंक तथा वित्तीय संस्थाको स्पष्ट संगठनात्मक संरचना तयार गर्ने,

8–बैंक तथा वित्तीय संस्थाको वार्षिक प्रतिवेदन सहितको लेखापरिक्षण प्रतिवेदन वार्षिक साधारण सभामा पेश गर्ने,

9–राष्ट्र बैंकले समय समयमा तोकेका अन्य काम गर्ने,

**निश्कर्ष:**

यसर्थ बैंक तथा वित्तीय संस्थाको सञ्चालक समित्तीले संस्थाको दैनिक काम कारवाहिमा हस्तक्षेप नहुने गरी काम कारवाही सञ्चालन गर्नुपर्छ जुन समितिको दायित्व हुन्छ र व्यक्तिगत लाभ हुने कार्य नगरी संस्थाप्रति सदा उत्तरदायी हुनुपर्छ अनिमात्र सम्पूर्ण कार्य पारदर्शि व्यवस्थित भए संस्थाका कार्य संस्थाको लाभ र सरोकारवालाको हितमा समर्पित सक्छन् ।

## 11.बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ अनुसार वाणिज्य बैंकहरूले गर्ने कार्यहरू उल्लेख गर्नुहोस् । 10 marks

**वाणिज्य बैंक**

तहगत बैंकिङ प्रणाली अनुसार 'क' वर्गमा पर्ने आकारमा पूर्वाधार विकास बैंक पछीका ठूला व्यापारि औद्योगिक क्षेत्रमा लगानी प्रवाहित गर्ने बैंकहरूलाई वाणिज्य बैंक भनिन्द्र । नेपालमा हाल वाणिज्य बैंकको स्थापनाको लागि ६ अर्थ चुक्ता पूजी हुनुपर्ने व्यवस्था छ र यस्ता बैंकको संख्या पछिल्लो तथ्याङ्क अनुसार २७ वटा रहेको छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन सम्बन्धित बैंकको प्रबन्धपत्र विनियमावली र नेपाल राष्ट्र बैंक को निर्देशन सीमा तथा शर्त वमोजिस वाणिज्य बैंकका कार्यहरू लाई निम्नअनुसार बुदागतरूपमा प्रस्तुत गर्न सकिन्छ ।

१–व्याज वा विना व्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत निक्षेप परिचालन र तिनको भुक्तानी दिने,

२–विद्युतीय उपकरणको माध्यमबाट निक्षेप स्वीकार गर्ने परिचालन गर्ने भुक्तानी दिने रकमान्तरण गर्ने, हायरपर्चेज लिजिङ हाइजिङ अधिविकर्ष लगायतका कर्जा दिने,

३–परियोजना तथा हाइपोथिकेशन धितो राखी कर्जा दिने, साथै पारिपासको आधारमा सहवित्तीयकरण कर्जा समेत उपलब्ध गराउने,

४–विदेशी बैंक तथा वित्तीय संस्थाको जमानतमा कर्जा प्रदान गर्ने,

५–आफू कहाँ पहिले नै रहिसकेको चल अचल सम्पति तथा अन्य बैंक तथा वित्तीय संस्थाहरूमा रहको चल अचल बैंक तथा वित्तीय संस्थाहरूमा रहेको चलअचल सम्पत्तिको आधारमा पटक-पटक गरी कर्जा दिने,

६–आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसँग आवश्यक शर्त गराई

## 12.बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ का प्रमुख उद्देश्यहरू माथि चर्चा गर्नुहोस् । 10 marks

बैंकिङ क्षेत्रलाई दिगो, भरपर्दो प्रभावकारी, स्वच्छ, प्रतिस्पर्धि वैज्ञानिक, आन्तरिक नियन्त्रण प्रणालीको अक्षरंस कार्यान्वयन सुशासित र मर्यादित वित्तीय प्रणाली वित्तीय स्रोत र साधनको दिगो र प्रभावकारी उत्पादनशिल परिचालन आर्थिक उदारिकरण द्वारा राष्ट्रिय अर्थतन्त्रको उत्थान रसम्बन्ध पक्ष (निक्षेप कर्ता कर्जाग्राहक लगानी कर्जा अन्य) को हित तथा सन्तुलन कायम गर्दै बैंक तथा वित्तीय संस्थाहरूको स्थापना तथा सञ्चालन र व्यवस्थापन गर्ने हेतुले यो ऐन ल्याइएको हो ।

प्रचलित ऐनको प्रस्तावना र सम्बन्धित ऐनमा भएको विद्यमान व्यवस्थाका आधारमा यो ऐनका **उद्देश्यहरूलाई निम्नअनुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ ।**

–निक्षेपकर्ता र लगानीकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्नु,

–नेपालको समग्र बैंक तथा वित्तीय संस्था प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्नु,

–बैंक तथा वित्तीय संस्थाहरूलाई स्वच्छ प्रतिस्पर्धी गराई गुणस्तरीय र भरपर्दो बैंकिङ तथा वित्तीय सेवा उपलब्ध गराउनु,

–आर्थिक उदारिकणद्धारा राष्ट्रिय अर्थतन्त्रलाई सवल सहज र गतिशिल बनाउनु,

–बैंक तथा वित्तीय संस्थाहरूको स्थापना सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्नु सोलाई वैज्ञानिक र प्रभावकारी वनाउनु,

–बैंक तथा वित्तीय संस्थाहरूको नियमन, निरिक्षण, सुपरिवेक्षण कार्यलाई वैज्ञानिक गतिशिल र वनाउनु,

–वैंकिङ क्षेत्रको स्थायित्व कायम गर्नका लागि आवश्यक व्यवस्था गर्नु,

–बैकिङ क्षेत्रको आन्तरिक नियन्त्रण प्रणालीलाई सवल सक्षम र प्रभावकी वनाउँदै सुशासित वित्तीय प्रणालीको विकास गर्न आवश्यक आधार प्रदान गर्नु,

–अर्थतन्त्रको आवश्यकता र औचित्यता वमोजिम बैंक तथा वित्तीय संस्थाहरूको संस्थापनाको लागि पूर्व स्विकृती तथा सो सम्बन्धमा अन्य व्यवस्था गर्ने,

–बैंक तथा वित्तीय संस्थाहरूको सर्वोच्च निकाय सञ्चालक समिति तथा उच्च व्यवस्थापन (CEO) नियुक्ति काम, कर्तव्य र अधिकार जिम्मेवारी उत्तरदायित्व सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

–वित्तीय कारोवारको इजाजतपत्र तथा बैंक तथा वित्तीय संस्था तल्लो वर्गबाट माथिल्लो वर्गमा स्तरन्नोति सम्बन्धि वाटो खुकुलो वनाइदिनु, गर्ने काम तथा गर्न नहुने कार्यहरूको निर्धारण गरिदिनु,

–वित्तीय साधनको दुरुपयोग हुन नदिई कसको प्रभावकारी परिचालन गर्न कर्जा प्रवाह अनुगमन र असुली कार्यलाई कानुन त वनाउनु,

–वित्तीय सवलिकरणको लागि मर्जर तथा प्राप्ति सम्बन्धि कानुनी व्यवस्था गरिदिनु,

–वित्तीय अनुशासन तथा संस्थागत सुशासनका सम्बन्धमा विभिन्न व्यवस्थागरी समग्र वित्तीय प्रणालीलाई सुशासित मर्यादिन बनाउन आधार प्रदान गर्नु,

–पूर्वाधार विकास बैंक सम्बन्धमा थप अन्य व्यवस्था गर्नु, वित्तीय स्थायित्व कायम गर्न र सर्वसाधारणलाई बैंक तथा वित्तीय संस्थाप्रतिको विश्वसनियता अभिवृद्धि गर्न खारेजी सम्बन्धि व्यवस्था गरिदिनु,

–नियमन सम्बन्धि कारवाही गरी बैंक तथा वित्तीय संस्थाहरूलाई अनियमित तथा नीतिको कार्यान्वयन उलंघन हुनबाट जोगाई दीगो र रणनीतिक बनाउन आधार प्रदान गर्नु,

समग्रमा बैकिङ क्षेत्रलाई prudential बनाउँदै वित्तीय क्षेत्रको दीगो विकास प्रतिस्पर्धि क्षमताको अभिवृद्धिमा जोड दिनु ।

## निष्कर्ष:

बैकिङ क्षेत्रको नियमन सम्बन्धि छाता र साक्षा कानुनको रूपमा रहेको बैंक तथा वित्तीय संस्थालाई थप विकास, विस्तार र सुदृणिकरणको लागि ल्याइएको हो । कानुनका प्रावधानहरूमा भएका व्यवस्था तथा सम्बन्धित ऐनको उद्देश्य तथा लक्ष्य प्राप्तिमा त्यस ऐनको प्रभावकारी दीगो वैज्ञानिक र कुनैपनि अक्षरंस, मूल्यसहनशिलताका साथ कार्यान्वयन हुन आवश्यक रहन्छ । त्यसैले बैंक तथा वित्तीय संस्थासम्बन्धि ऐनलाई प्रभावकी कार्यान्वयन तर्फ जानु अवाश्यक रहन्छ ।

## 13.बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ का प्रमुख विशेषताहरु बारे चर्चा गर्दै यस ऐनमा व्यवस्था भए बमोजिम पूर्वाधार विकास बैंकको स्थापनाको औचित्य बारे प्रष्ट पार्नुहोस् । 10 marks

बैंकिङ क्षेत्रको स्थापना विवेकशील नियमन प्रभावकारी सुपरिवेक्षण र वैज्ञानिक व्यवस्थापनको नीतिगत आधार तथा रामवाण बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ हो । सोही ऐनमा भएका व्यवस्था बमोजिम यसका प्रमुख विशेषताहरुलाई देहाय बमोजिम बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ ।

**बैंकिङ क्षेत्रको नियमन सम्बन्धी कानूनी व्यवस्था गरेको कानून,**

–एकिकृत तथा घाटा कानून,
–वित्तीय क्षेत्रमा आर्थिक उदारीकरणलाई जोड दिइएको,
–बैंक तथा वित्तीय संस्थाहरु अनिवार्य Public Company को रुपमा दर्ता हुनुपर्ने व्यवस्था गरेको,

–बैंक तथा वित्तीय संस्थाहरुको सञ्चालक समितिको गठन प्रक्रिया, योग्यता अयोग्यता काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको,
-बैंक तथा वित्तीय संस्थाहरुको पुँजीलाई ५१, ३० र ५ प्रतिशतको संरचनामा विभाजन गर्नुपर्ने व्यवस्था गरेको,

–बैंकिङ क्षेत्रको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम न्यूनीकरण, वित्तीय स्थायित्व आदिमा जोड दिइएको, सम्पत्ति शुद्धीकरण निवारण ऐनसँग आवद्ध गरेको,

–बैंकिङ क्षेत्रमा पारदर्शिता अभिवृद्धि गर्न प्रतिवेदन प्रणालीमा जोड दिएको,
–बैंक तथा वित्तीय संस्थाहरुको वर्गको आधारमा वित्तीय कारोबारको इजाजत पत्र दिने व्यवस्था गरेको, निक्षेपकर्ताको हक दिनको संरक्षण र संवर्द्धनमा जोड दिएको आदि।

**निष्कर्ष**

पूर्वाधार क्षेत्रमा वित्तीय साधन परिचालन गर्ने हेतुले स्थापित बैंकलाई पूर्वाधार विकास बैंक भनिन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम पूर्वाधार विकास बैंकको स्थापनाको औचित्यतालाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ ।

## 14. बैंक तथा वित्तीयसंस्थाको सञ्चालक समितिको गठनविधि एवं सञ्चालक समितिको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् । 10 marks

बैंक तथा वित्तीय संस्था सम्बन्धी एन २०७३ अनुसार सञ्चालक समितिको गठन विधि देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

–बैंक तथा वित्तीय संस्थामा कम्तिमा ५ र बढिमा ७ जना भएको सञ्चालक समिति रहन्छ,
–सञ्चालकको नियुक्ति साधारण सभाबाट हुन्छ, प्रथम साधारण सभा नहुञ्जेल सम्म सञ्चालकको नियुक्ति संस्थापकबाट गरिन्छ,

–विचमा सञ्चालकको पदखाली भएमा अर्को साधारणसभा नहुञ्जेलसम्म सञ्चालक समितिले नयाँ सञ्चालक नियुक्ति गर्छ,

–संस्थापक अन्य सञ्चालक र ०.१ प्रतिशत भन्दा बढी शेयर लिएको व्यक्तिको परिवारको सदस्य स्वतन्त्र सञ्चालक हुन सक्दैन,

–एक परिवारबाट एकजना व्यक्तिमात्र सञ्चालक हुन सक्ने,
–सञ्चालकहरूले आफुमध्येबाट अध्यक्षको छनौट गर्ने,

–सञ्चालकको अवधि ४ वर्ष हुने । पुनः नियुक्त हुनसक्ने तर स्वतन्त्र सञ्चालक १ कार्यकालको लागि मात्र नियुक्ति हुनु, सञ्चालक समितिको बैठक वर्षमा कम्तिमा १२ पटक वस्ने दुइ बैठक बिचको भिन्नता ६० दिन वा २ महिना भन्दा बढी हुनु नहुने,

## सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

–यस ऐन प्रचलित कानुन प्रवन्धपत्र नियमावलिको अधिनमा रहि कार्य गर्नुपर्ने,

–यस ऐन प्रचलित कानुन र राष्ट्र बैंकको निर्देशनको अधिनमा रहि आवश्यक विनियम कार्यविधि बनाई गर्नु गर्नेपर्ने,

–आवश्यक नितिको व्यवस्थागरी कामकारवाहिको अनुगमन गरी विवेकशिल तवरले सञ्चालन गर्ने,

–जोखीम व्यवस्थापन, कर्मचारी व्यवस्थापन, हकहित संरक्षण, संस्था सञ्चालन, वजेट खर्च, कामकारवाहीमा हस्तक्षेप नगर्ने,

–कारोवार जोखिम र जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिई आफ्नो निति, रणनिति अनुरूप मापदण्ड तर्जुमा गर्ने,

–स्पष्ट संगठनात्मक संरचना तयार गर्ने, निति तर्जुमा गर्ने कार्यान्यिन गर्ने,

–राष्ट्र बैंकले तोकेको अन्य कार्य गर्ने, आदि ।

## 15. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार सञ्चालक समितिको काम, कर्तव्य र अधिकारको व्यवस्थावारे स्पष्ट पार्नुहोस् ? 10 marks

बैंक तथा वित्तीय संस्था भित्रको सर्वोच्च अंग सञ्चालक समिति हो । बैंक तथा वित्तीय संस्थामा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४ बमोजिम सञ्चालक समितिको गठन हुन्छ । ऐनको दफा २२ मा सञ्चालनक समितिको काम, कर्तव्य तथा अधिकारको वारेमा उल्लेख गरिएको छ । जसअनुसार सञ्चालक समितिको काम कर्तव्य र अधिकारलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

–बैंक तथा वित्तीय संस्थाको साधारण सभावाट हुने काम वाहेक प्रचालित कानुन, ऐन नियम, प्रवन्धपत्र, नियमावली आदिको अधिकारमा रही सम्पूर्ण कार्य गर्ने,

–बैंक तथा वित्तीय संस्थाको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता ग्राहकवर्ग तथा सर्वसाधारणShare धनिको हित हुनेगरी बैंक तथा वित्तीय संस्था सञ्चालन गर्ने,

–बैंक तथा बित्तीय संस्थाले गनु पर्ने काम सुव्यवस्थित रूपले सञ्चालन गर्ने प्रचालित कानून, राष्ट्र बैंकको निर्देशिकाको अधिनमा रहि आवश्यक विनिमय, निर्देशिका कार्यविधि बनाई लागु गर्ने,

–संस्थामा जोखिम वा जोखिम अन्य अवस्था उत्पन्न हुन नदिन आन्तरिक नियन्त्रण प्रणाली एंव जोखिम व्यवस्थापन मापदण्ड तयार गरी लागुगर्ने,

–बैंक तथा वित्तीय संस्थाले गनुपर्ने कामको लागि नीतिगत व्यवस्था गर्ने,

–संस्थाका सम्पूर्ण कार्यहरूको नियमित अनुगमन गरी बैंक वा वित्तीय संस्था व्यवस्थित र विवेकशील तवरबाट सञ्चालन गर्ने गराउने,

–बैंक तथा वित्तीय संस्थाको स्पष्ट संगठनात्मक संरचना तयार गर्ने,

–बैंक तथा वित्तीय संस्थाको वार्षिक प्रतिवेदन सहितको लेखापरिक्षण प्रतिवेदन वार्षिक साधारण सभामा पेश गर्ने,

–राष्ट्र बैंकले समय समयमा तोकेका अन्य काम गर्ने,

**निश्कर्ष:**

यसर्थ बैंक तथा वित्तीय संस्थाको सञ्चालक समित्तीले संस्थाको दैनिक काम कारवाहिमा हस्तक्षेप नहुने गरी काम कारवाही सञ्चालन गर्नुपर्छ जुन समितिको दायित्व हुन्छ र व्यक्तिगत लाभ हुने कार्य नगरी संस्थाप्रति सदा उत्तरदायी हुनुपर्छ अनिमात्र सम्पूर्ण कार्य पारदर्शि व्यवस्थित भए संस्थाका कार्य संस्थाको लाभ र सरोकारवालाको हितमा समर्पित सक्छन् ।

## 16) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन अनुसार वाणिज्य बैंकहरूले गुर्न नहुने कार्यहरूको सूची तयार गर्नुहोस् । १० marks

बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को परिछेद ७ को दफा ५० बमोजिम बाणिज्य बैंकहरूले गर्न नहुने कार्यको व्यवस्था गरेको छ । जसका अनुसार:

–व्यापार गर्ने उद्देश्यले मालसामान खरिद विक्रि गर्ने वा आफ्नो प्रयोजनको निमित आवश्यक पर्ने बाहेक भवन निर्माण गर्न वा अचल सम्पत्ति खरिद गर्न,

–आफ्नो शेयरको सुरक्षणमा कर्जा दिन,

–सञ्चालक, चुक्ता पुँजिको एक प्रतिशत वा सो भन्दा बढि शेयर लिएको व्यक्ति, कार्यकारि प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा म्यानेजिङ ऐजेन्ट वा सञ्चालक नियुक्ति गर्न अधिकार पाएको व्यक्ति फर्म, कम्पनि वा संस्थाको उल्लेख्य स्वामित्व वा वित्तीय स्वार्थ भएको कुनै कम्पनि, फर्म सा संस्थालाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न:

–एउटै ग्राहक, कम्पनि, एकै समूहको कम्पनि वा साझेदारि फर्म, सम्बद्ध व्यक्तिलाई आफनो पुँजिकोषको राष्ट्र बैंकले तोकेको प्रतिग्राहक सिमा नाघ्ने गरि कर्जा वा सुविधा प्रदान गर्न

–संस्थापक, संञ्चालक वा कार्यकारि प्रमुख जमानत बसि कुनै व्यक्ति फर्म, कम्पनि वा संस्थालाई कुनै किसिमको कर्जा दिन,

–राष्ट्र बैंकबाट क, ख र ग वर्गमा वर्गिकृत बैंक वा वित्तीय संस्थाको धितोपत्रमा लगानी गर्न, राष्ट्र बैंकले तोकिएको सिमाभन्दा बढि रकम अन्य संस्थाको शेयर पुँजिमा लगानी गर्न,

–बैंङ्क वा वित्तीय संस्थाहरू एकआपसमा मिली वित्तीय कारोवारमा कुनै किसिमको एकाधिकारवा अन्य कुनै किसिमको नियन्त्रीत अभ्यास कायम गर्न,

–आफूले नाजयज लाभ लिने नियतले वित्तीय क्षेत्रको प्रतिस्पधात्मक वातावरणमा कृत्रिम अवरोध खडा हुने कुनै किसिमको कार्य गर्न,

–बैंक तथा वित्तीय संस्थाले गर्ननहुने भनि राष्ट्र बैंकले समय समयमा तोकेका अन्य कार्य गर्न नहुने व्यवस्था गरेको छ ।

**अतः**

बैंक तथा वित्तीय संस्थाको संञ्चालन र व्यवस्थापनलाई प्रभावकारि बनाई वित्तीय स्थायित्व र बैकिङ प्रणाली प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि र बैकिङ प्रणाली प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्न वि सं. २०७३ साल बैसाख १० गते देखि कार्यान्वयनमा आएको बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐनले वित्तीय अनुसार र पारदर्शिता कायम गर्न दफा ५० बमोजिम गर्न नहुने कार्यको व्यवस्था गरेको पाइन्छ ।

**17) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ का प्रमुख व्यवस्थाहरूबारे उल्लेख गर्नुहोस् ? (राष्ट्रिय वाणिज्य बैंक २०७६ / ०३ / १३ प्रशासन सहायक चौथो तह)**

बैंकिङ तथा वित्तीय प्रणालीमा हुन सक्ने कसुरजन्य कार्यहरुबाट बैंकिङ तथा वित्तीय प्रणालमा पर्न सक्ने असर र जोखिमको न्यूनीकरण गर्दै वित्तीय स्थायित्व र बैंक तथा वित्तीय प्रणाली प्रतिको सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्न र बैंकिङ कसुर र सोमा हुने सजायको सम्बन्धमा कानुनी व्यवस्था गर्न बैंकिङ कसुर तथा सजाय ऐन २०६४ को तर्जुमा गरी कार्यान्वयनमा आएको हो ।

ऐनमा व्यवस्था भए वमोजिम प्रमुख व्यवस्थाहरुलाई: >

--बैंकिङ तथा वित्तीय प्रणालीको परिभाषा दिएको,

--बैंकिङ कसुर र सोमा हुने सजायको सम्बन्धमा

--कानुनी व्यवस्था गरेको, बैंकिङ कसुरमा अधिकतम १२ वर्ष सम्म कैद कानुनी सजायको व्यवस्था गरेको,

–बैंकिङ कसुरमा सजायको भागिदार भएको व्यक्ति बैंकिङ तथा वित्तीय प्रणालीको कर्मचारीको लागि योग्य नहुने व्यवस्था गरेको,

–ढुकुटी कारोवार गर्ने, सहकारी मार्फत भुक्याई कारोवार गर्ने कार्यलाई समेत बैंकिङ कसुरमा समेटेको,

–बैंकिङ स्रोत र साधनको अनियमितता रोकदै स्रोत र साधनको प्रभावकारी उपयोगबाट निक्षेपकर्ता र लगानीकर्ताको हक हितको साथै संरक्षण तथा सम्वर्द्धनमा जोड दिएको,

–बैंकिङ तथा वित्तीय उपकरणहरुको प्रयोगको प्रभावकारीता र सो प्रति सर्वसाधारणको विश्वसनीयतामा अभिवृद्धिमा जोड दिएको,

–बैंकिङ क्षेत्रलाई पारदर्शि सुशासित जोखिम रहित बनाउन विभिन्न व्यवस्थाहरु गरेको,

–बैंकिङ कसुरको अनुसन्धानमा सहयोग गर्ने व्यक्तिलाई पुरै वा आंशिक छूट दिन सकिने सौदावाजीको व्यवस्था गरेको,

–बैंकिङ कसुर थाहा पाएको १ वर्ष भित्र नेपाल प्रहरीमा नेपाल प्रहरीबाट ६ महिना भित्र उच्च अदालतको वाणिज्य इजालासमा मुद्दादायर गर्न सकिने गरी मुद्धाको हदम्याद तोकिएको,

बैंकिङ कसुर तथा सजायका मुद्दामा नेपाल सरकार वादी भई चल्लने व्यवस्था गरेको आदि ।

## उपसंहार

बैंकिङ तथा वित्तीय क्षेत्र अति संवेदनशिल क्षेत्र हो । कुनै एक क्षेत्रमा आउने जोखिमबाट प्रणालीगत रुपमा जोखिम सिर्जना भई वित्तीय स्थायित्वमा नकरात्मक प्रभाव रही बैंक तथा वित्तीय संस्था प्रतिको सर्वसाधारणको विश्वसनीयता घट्नजान्छ । त्यसैले बैंकिङ कसुर तथा सजाय ऐनमा भएका सबै व्यवस्थाको शुन्य सहनशिलताका साथ कार्यन्वयन गरी मुलुकको बैंकिङ तथा वित्तीय प्रणालीको छवी उच्च राख्न आवश्यक रहेको छ ।

**18) Money Laundering भनेको के हो ? यसले बैंक तथा वित्तिय संस्थामा के-कस्तो असर पार्न सक्दछ, उल्लेख गर्नुहोस् । 10 marks**

कालो धनलाई विभिन्न प्रक्रिया अपनाई सफेद तथा वैधानिक सम्पत्तिको रुपमा परिवर्तन गर्न धुल्याउने प्रक्रियालाई सम्पत्ति शुद्धिकरण सम्झनु पर्दछ । दुषित सम्पत्तिलाई वैधानिक स्रोतको आवरणले घुम्टो ओढाई सजावट गर्ने कार्यलाई सम्पत्ति शुद्धिकरण गरेको मानिन्छ । यसलाई:

–मुद्रा निर्मलिकरणको रुपमा बुझिन्छ,

–Black लाई white वनाउने कार्य हो, money

–गैर हिंसामुलक वित्तिय अपराध हो,

–गैर कानुनी लाभलाई गैर कानुनी स्रोतहरु लुकाई वैधानिक स्रोत देखि गरि अपनाइने ढाकछोप प्रक्रिया हो ।

## सम्पत्ति शुद्धिकरणका बैंक तथा वित्तिय संस्थामा पार्ने असर सम्पत्ति शुद्धिकरण अपराधले बैंक तथा वित्तिय संस्थामा पार्ने प्रमुख असरहरु

–आर्थिक लगानीलाई दुरुत्साहित गर्ने,
–विनिमयदरलाई अस्थिर वनाउने,
–विदेशी विनिमय दुरुपयोग बढाउने,

–वित्तिय स्थायित्व नष्ट पार्ने,
–बैंक तथा वित्तिय संस्था प्रति विश्वासनियता, पारदर्शिता घट्ने,
–नियमन सुपरिवेक्षण र कानुनी कारवाहिलाई ध्वस्त पार्ने,
–पूंजी पलायनलाई बढवा दिने, अपराध र अपराधी सतिसाल बढ्ने,

–आतंकवादी क्षेत्रमा लगानीको वढाउने,
–सामाजिक मूल्य मान्यतामा नकारात्मक प्रभाव पार्ने ।

### निष्कर्ष:

सम्पत्ति शुद्धिकरण अपराधले राज्यका सम्पूर्ण क्षेत्रका साथै BAFIs प्रतिकुल प्रभाव पार्ने भएकाले राज्य तथा नियमनकारी निकायले उचित नियम, कानुन, सुपरिवेक्षण, अनुगमन तयार पारि समयमै सम्पत्ति शुद्धिकरण कार्यलाई रोक्नु आजको आवश्यकता वनेको छ।

## 19) विनिमेय अधिकार पत्र ऐन २०३४ अनुसार रेखादिकत चेक सम्बन्धि के कस्तो व्यवस्था रहेको छ ? 10 marks

### रेखाङ्कीत चेक सम्बन्धी व्यवस्था

रेखाकित चेक सम्बन्धी व्यवस्था विनीमय अधिकार पत्र ऐनको परिच्छदे ८ मा व्यवस्था गरेको छ । रेखाकीत चेकलाई निम्न अनुसार देखाइएको छ/ व्यवस्था गरिएको छ :

### साधारण रेखाङ्कित चेक

चेक अग्र भागमा दुई समानान्तर रेखाकित एण्ड कम्पनी वा त्यसको संक्षिप्त शब्दहरू वा दुई समान्तररेखा मात्र कोरिएका भए त्यसमा विनीमय गर्न नसकिने (नट् नेगोसियवल) भन्नेशब्दहरू लेखिएको वा नलेखिएको जे भए तापनि त्यस्तो चेकलाई साधारण रेखाखित चेक भनिनेछ ।

### विशेष रेखाङ्कित चेक

चेकको अग्र भागमा बैंकरको नाम लेखिएको भए त्यमा विनीमेय गर्न नसकिने (नट् नोगेसिएवल) भन्ने शब्दहरू लेखिएको वा नलेखिएकोले भए मा पनि त्यस्तो चेकलाई विशेष रेखाङ्कित चेक भनिन्छ ।

### निश्कासन पछिको रेखाङ्कन

–रेखाङ्कित नगरिएको चेकलाई धारकले साधारण वा विशेष रेखाङित चेक बनाउन सक्नेछ ।

–साधारण वा विशेष रेखाङ्गित चेकमा धारकले विनीमेय कार्य नसकिने (नट् नेगोसिएवल) भन्ने शब्दहरू राख्न सक्ने,

–साधारण रेखाड़ित चेकलाई धारकले विशेष रेखाङ्क गर्न सक्नेछ,

–कुनै बैंकरको नाममा रेखाङ्ति गरिएको विशेष रेखाड़ित चेकलाई सो बैंकरले सकलनकोलागि पठाउँदा अर्को बैंकर वा आफनो अभिकर्ताको नाममा पुन: विशेष रेखाङ्कण गर्न सक्नेछ ।

–रेखाङ्ति गरिएको चेकको अरले सो चेकको भूक्तानी बैंक वाहेक अरुलाई दिइने छैन ।

–साधारण रेखाङ्ति चेकको भूक्तानीबैंकरको वाहेक अरुलाई दिइने छैन ।

–कुनै बैंकरले आफू उपर खिचिएको रेखाङ्ति चेकको रीतपूर्वकको भूक्तानी दिएको छ भने सो भूक्तानी दिने बैंकर र डयरको त्यस्तोदायित्व चेकको खास धनीलाई भूक्तानी दिइएको अवस्थामा हुने हक र दायित्व सरह हुनेछ ।

–खातामा मात्र भन्ने उल्लेख चेकको भूक्तानी र रेखाकित चेकको भुक्तानी रीत पुयाई भुक्तानी दिएमा त्यस्तो भुक्तानी दिएका कारणबाट चेकको खास धनीलाई कुनै हानी नोक्सानी हुन गएमा भूक्तानी दिने बैंकर उत्तरदायी हुनेछ ।

–विनीमय गर्न नसकिने (नट् नेगोसिएवल) भन्ने शब्दलेखिएको साधारण वा विशेष रेखाङित चेक प्राप्त गर्ने व्यक्तिले जसबाट चेक प्राप्त गरेको हो निजको त्यस्तो चेकमा भएको भन्दा बढी रकम प्राप्त गर्न वा सो भन्दा बढी प्रदान गर्न सक्ने छैन ।

–लापरवाही नगरी असल नियत्तले बैंकले ग्राहकको लागि कुनै रेखाडित चेकको भुक्तानी लिई पछि त्यस्तो चेकमा ग्राहकको हक नभएको भनने प्रमाणित हुन आए तापनि भूक्तानी लिई दिएको नाताले मात्र बैंक सो चेकको खास धनीप्रति उत्तरदायी हुने छैन ।

## 20) विद्युतीय कारोबार ऐन २०६३ का प्रमुख विशेषताहरू विस्तृत रूपमा उल्लेख गर्नुहोस् । १० marks

विद्युतीय तथ्याङ्क आदानप्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चारको माध्यमबाट हुने कारोबारलाई भरपर्दो, व्यवस्थित र प्रभवाकारी वनाउँदै विद्युतीय अभिलेखको सिर्जना, उत्पादन प्रशोधन, सञ्चय प्रवाह तथा सम्प्रेषण प्रणालीको मान्यता, सत्यता र विश्वसनीयतालाई प्रभावीकरण तथा नियमित गर्ने र विद्युतीय कारोबारको नियमन गर्ने ध्ययेले यो ऐन तर्जुमा र कार्यान्वयनमा ल्याएको हो ।

### विद्युतीय कारोबार ऐनका प्रमुख व्यवस्थाहरू

विद्युतीय कारोबार ऐनका आधारमा विद्युतीय कारोबार ऐनका प्रमुख व्यवस्थाहरूलाई निम्न अनुसार बुँदागतरूपमा उल्लेख गर्न सकिन्छ ।

–विद्युतीय अभिलेख डिजिटल हस्ताक्षर Computer Network जस्ता विषयहरूको परिभाषा उल्लेख गरेको छ ।

–विद्युतीय अभिलेख तथा डिजिटल हस्ताक्षरको कानूनी मान्यता त्यस्ता विवरणहरूको सुरक्षित अभिलेख सम्बन्धि व्यवस्था गरेको छ ।

–विद्युतीय अभिलेख उत्पत्तिकर्ताको रहन सक्ने, स्थिति सोको सम्प्रेषण प्राप्ति तथा स्वीकार गर्ने प्रक्रिया सम्बन्धी व्यवस्था गरेको छ ।

–विद्युतीय कारबोरको नियमन गर्न नियन्त्रक तथा प्रमाणिकरण निकाय सम्बन्धी व्यवस्था गरेको छ ।

–विद्युतीय कारोबार सम्बन्धमा ग्राहकको काम कर्तव्य र अधिकार, ग्राहकको नीजि तथा सार्वजनिक साँचोको प्रयोग सम्बन्धमा व्यवस्था गरेको छ ।

–विद्युतीय अभिलेख तथा डिजिटल हस्ताक्षर सरकारी कार्यालयहरूमा समेत प्रयोग गर्न सकिने गरी व्यवस्था गरेको छ ।

–Computer सम्बन्धी कसूर र सोमाहुने सजायका सम्बन्धमा व्यवस्था गरेको छ ।

–केही लिखित तथा कागजातहरूको प्रयोगमा विद्युतीय स्वरूपमा कारोबार गर्न नसकिने व्यवस्था गरेको छ ।

**यसरी** उल्लेखित व्यवस्था विद्युतीय कारोबार ऐन २०६३ ले गरी समग्र विद्युतीय कारोबार कारबोरको नियमन तथा व्यवस्थित कारोबारको नीतिगत व्यवस्थागरिदिएको छ । यसरी प्रभावकारीताको लागि उल्लेखित व्यवस्थाहरूका साथै ऐनमा भएका सम्पूर्ण व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ

## 21) विद्युतीय कारोवार सम्बन्धि ऐन २०६३ को परिच्छेद ६ बमाजिम ग्राहकको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् । 10 marks

ग्राहकको काम कर्तव्य र अधिकार विद्युतीय कारोवार सम्बन्धि ऐन, २०६३ को परिच्छेद ६ बमोजिम व्यवस्था गरिउको छ जनु निम्न अनुसार छन् :

–जोडि साँचो सृजना गर्ने,

–प्रमाणीकरण निकायबाट जारी गरिएको र ग्राहक हरूद्वारा स्वीकार गरिएको प्रमाणपत्रमा सूचीकृत गरिनु पर्ने सार्वजनिक साँचो समावेश भएको जोडी साँचो ग्राहकले नै सृजना गर्नु पर्ने भएमा ग्राहकले यस्तो जोडि साँचो सृजना गर्दा सुरक्षित एसिमेट्रिक क्रिप्टो सिस्टमको प्रयोग गर्नु पर्नेछ ।

–ग्राहक र प्रमाणीकरण निकाय विच सम्झौता भएको भए प्रमाणीकरणले कुनै खास प्रणालीलाई स्वीकृत गरेको अवस्थामा त्यसरी सम्झौता भएको वा स्वीकृत गरेको सुरक्षण प्रणाली प्रयोग गर्नु ग्राहकको कर्तव्य हुने छ ।

–प्रमाणपत्र स्वीकार गर्ने : देहायका अवस्थामा ग्राहकले प्रमाणपत्र स्विकार गरेको मानिनेछ ।

–निजले सो प्रमाणपत्र प्रकाशन गरेमा वा प्रकाशनको लागि एक वा एक भन्दा बढि व्यक्तिहरूलाई अख्तियारी प्रदान गरेमा,

–निजले सो प्रमाणपत्रलाई स्वीकार गरेको छ भनी विश्वास गर्न सकिने कुनै आधार भएमा,

–प्रमाणपत्रस्वीकार गरेको भएमा सो कारणबाट ग्राहकले सो प्रमाणपत्रमा उल्लेख भएको कुनै सूचनामाथि भर पर्ने व्यक्ति लाई देहायका कुराहरूको प्रत्याभूति गरेको मानिनेछ ।

–ग्राहकले प्रमाणपत्रमा सूचीकृत गरिएको सार्वजनिक साँचो सँग सङगति राख्ने नीजी साँचो धारणा गर्ने अख्तियारी पाएको,

–प्रमाणपत्र जारी गर्ने सिलसिलामा ग्राहकले प्रमाणकरण गर्ने निकायलाई उपलब्ध गराएको सम्पूर्ण सूचना तथा जानकारी सही र दुरुस्त भएको तथा प्रमाणपत्रमा समाविष्ट भएका सूचना सँग सम्बद्ध सबै तथ्यांक सत्य भएको,

–ग्राहकलाई जानकारी भएसम्म वा निजले जानेबुझ्नेसम्म प्रमाणपत्रमा उल्लेख भएका सूचना सत्य र दुरुस्त भएको ।